# फेदीखोला गाउँपालिका
## फेदीखोला, स्याङ्जा

गाउँ कार्यपालिका बैठक संख्याः ०३-२०८२/०८३

आज मिति २०८२ साल पौष महिनाको २८ गते सोमबारका दिन यस फेदीखोला गाउँपालिकाका अध्यक्ष श्री घनश्याम सुवेदीज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक देहायको उपस्थितिमा बसी निम्नानुसारका प्रस्तावहरुमा छलफल गरी निर्णय गरियो।

**तपसिलः**

| क्र.सं. | पद | नामथर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | श्री घनश्याम सुवेदी | | |
| २ | उपाध्यक्ष | श्री देउ कुमारी गुरुङ | | |
| ३ | सदस्य | श्री अमृत क्षेत्री | | |
| ४ | सदस्य | श्री अविलाश गुरुङ | | |
| ५ | सदस्य | श्री कृष्ण बहादुर रानाभाट | | |
| ६ | सदस्य | श्री ख्याम नारायण पौडेल | | |
| ७ | सदस्य | श्री डिल बहादुर गुरुङ | | |
| ८ | सदस्य | श्री सुमिता मिजार | | |
| ९ | सदस्य | श्री टेकमया गुरुङ | | |
| १० | सदस्य | श्री सम्झना वि.क. | | |
| ११ | सदस्य | श्री सिमा वि.क. | | |
| १२ | सदस्य | श्री काले सार्की | | |
| १३ | सदस्य | श्री पार्वती कुमारी क्षेत्री | | |
| १४ | सदस्य-सचिव | श्री विष्णु प्रसाद पोखरेल | | |
| | | अन्य उपस्थितिः | | |
| | प्रशासकीय अधिकृत | युवराज पौडेल | | |
| | | | | |
| | | | | |

फेदीखोला गाउँपालिका

गाउँ कार्यपालिकाको बैठक संख्याः ०३/२०८२-०८३

मितिः २०८२ साल पौष २८ गते सोमवार

समयः ११:३० बजे

स्थानः फेदीखोला गाउँपालिकाको सभाहलमा रहेको बैठक कक्ष

प्रस्तावहरुः

1. दोस्रो गाँउ कार्यपालिका बैठकको निर्णयको कार्यान्वयन अवस्थाको समिक्षा सम्वन्धमा।
2. पुराना भवनहरुको व्यवस्थापन तथा अभिलेखिकरण सम्वन्धी निर्देशिका २०७८ लाइ प्रतिस्थापन गरी घर नक्सा अभिलेखीकरण कार्यविधि २०८२ सम्वन्धमा ।
3. सघिय विशेष र समपुरक योजना छनौट सम्वन्धमा ।
4. हिउदे अधिवेशन मिति तय सम्बन्धमा।
5. जोगीथोक खानेपानी तथा सरसाफाई उपभोक्ता समिति दर्ता गर्ने ।
6. असाधारण विदा सम्वन्धमा ।
7. मर्ज भएका विद्यालयहरुको खाता व्यवस्थापन गर्ने सम्वन्धमा
8. विविध

विष्णु प्रसाद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

# निर्णयहरु:

**निर्णय नं. १**

दोस्रो गाँउ कार्यपालिका बैठकको निर्णयको कार्यान्वयन अवस्थाको समिक्षा गरियो ।

**निर्णय नं. २**

फेदीखोला गाँउपालिका क्षेत्रभित्र निर्माण भएका भवन तला थप तथा अन्य भवनहरुको नियमित सम्पन्नताको प्रमाणपत्र तथा अभिलेखिकरण प्रमाणपत्र जारी गरी सरल व्यवस्थीत र थप प्रभावकारी बनाउन तयार भएको फेदीखोला गाँउपालिकाको भवन नियमित तथा अभिलेखिकरण सम्वन्धी कार्यविधि २०८२ पारित गर्ने निर्णय गरियो।

**निर्णय नं. ३**

सन्तुलित विकास, विशिष्ट सेवा प्रवाह, वा दुर्गम क्षेत्रको उत्थान गर्न विशेष अनुदार र पूर्वाधार विकास र आयोजनामा स्थानीय अपनत्व वृद्धि गर्न समपुरक योजना सञ्चालन गर्न समपुर अनुदान सम्वन्धी कार्यविधि २०८२ र विशेष अनुदान सम्वन्धी कार्यविधि २०८२ मा व्यवस्था भएबमोजिम स्थानीय तहबाट आ व २०८३/०८४ मा सघिय समपुरक र विशेष अनुदान अन्तर्गत कार्यान्वयन हुने आयोजना वा कार्यक्रमहरु छनौट गरी २०८२ माघ मसान्त भित्र राष्ट्रिय योजना आयोग मा पठाउनु पर्ने भएकोले तपशिल बमोजिमका योजना पठाउने निर्णय गरियो।

**समपुरक अनुदान तर्फ**

| प्राथमिकता क स | योजनाको नाम | |
|---|---|---|
| १ | खड्केटारी बाँगे पन्चासे दोविल्ला सडक | |
| २ | फेदीखोला कालाभैरव नुवाकोट सडक | |
| ३ | पारिका बारी समेश बाँगे सडक | |

विष्णु प्रसाद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

विशेष अनुदान तर्फ

| प्राथमिकता क्र स | योजनाको नाम | |
|---|---|---|
| १ | १५ शैयाको अस्पताल भवन तथा अन्य पुर्वाधार निर्माण | |
| २ | फेदीखोला फोहोरमैला सकलन केन्द्रका लागी मेशिन औजार उपकरण व्यवस्थापन | |
| ३ | चण्डीडाँडा मा. वि. को विद्यालय भवनको निर्माण सुधार | |

**निर्णय नं. ४**

यस आर्थिक बर्षको हिउदे गाँउसभा मिति २०८२ माघ २१ गते बुधवारका दि गाँउपालिकाको सभाहलमा गर्ने निर्णय गरियो।

**निर्णय नं. ५**

मिति २०८२।०९।१८ गते जोगिथोक खानेपानी तथा सरसफाई उपभोक्ता समि खानेपानी मुहान दर्ताका लागि आवश्यक कागजात सहित निवेदन पेश गर्नुभएकोमा २०८२।०९।१८ गते मुहान दर्ता गर्नका लागि वडा कार्यालयबाट प्राप्त सिफारिश जोग खानेपानी तथा सरसफाई उपभोक्ता समितिको निर्णय र मुहान दर्ता फुकुवा गरेको गाँउ सुधार समिति निर्णय जोगीथोक खानेपानी तथा सरसफाई उपभोक्ता समिति २०८२ साथै अन्य आवश्यक कागजात र प्रमाणका आधारमा नियमानुसार खानेपा दर्ता गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

मिति २०८२।०८।०९ गते जनस्वास्थ निरीक्षक अधिकृत छैटौ श्री अन्जन कारण खुलाई ३ वर्षका लागि असाधारण विदा स्विकृतको लागि माग गर्नु भ स्वास्थ सेवा ऐन २०५३ नियमावली २०५५ को नियम ५४(१) तथा

विष्णु प्रसाद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

सरकारको स्थानीय सेवाको गठन तथा सञ्चालन ऐन २०७९ तथा नियमावली २०८० को नियम ११२ (१) मा भएको व्यवस्था अनुसार निजलाई २०८२ मसिर १८ गते देखि लागु हुनेगरी मिति २०८५ मसिर १७ गते सम्म (३) तिन बर्ष अवधिका लागि असाधारण विदा स्विकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

मिति २०८२।०९।२४ गते श्री जन आदर्श मा. वि. फेदीखोला ४ आरुखर्क स्याङ्जा ले आवश्यक सिफारिश गरिदिनुहुन भनी लेखो आएको पत्रानुसार श्री छपालीथोक वालविकास केन्द्र फेदीखोला मिति २०८२।०४।०७ मा श्री जनआदर्श मा वि मा समायोजन भएकोले उक्त विद्यालय को खातामा रहेको रकम श्री जनआदर्श मा. वि. फेदीखोलामा जम्मा गर्न का लागि सिफारिश गर्ने निर्णय गरियो ।यसै गरी अन्य मर्ज भएका विद्यालयहरुको पनि नियमानुसार रकम जम्मा लागी सिफारिश गर्ने समेत निर्णय गरियो ।

विष्णु प्रसाद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner